## मिति २०८०।१२।०२ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को बाह्रौं नगर कार्यपालिका

### बैठकको निर्णयहरुः

**निर्णय नं.१** गैंडाकोट नगरपालिकाको आन्तरिक आय व्यबस्थापन तथा बिभिन्न खोला/घाट/नदीहरुबाट नदिजन्य पदार्थ तथा निजी जग्गाहरुबाट समेत साधारण निर्माणमुखी पदार्थ (माटो,ढुंगा) लगायतका सामाग्री उत्खनन,संकलन तथा बिक्रि बितरण सम्बन्धी कार्यलाई अगाडी बढाउन तपसिल बमोजिम जिम्मेबारी बाँडफाँड गर्ने निर्णय गरियो ।

| क्र.स. | समिति/शाखा | जिम्मेबारी | कैफियत |
|---|---|---|---|
| १. | बाताबरण तथा विपद व्यबस्थापन शाखा | – IEE प्रतिबेदन तयार गर्न आबश्यक प्रक्रिया पुरा गर्ने ।<br>– उत्खनन आदेश दिनुपूर्व प्राबिधिक बाट गरिएको नाप,जांच तथा रेखांकन प्रतिबेदन तयार गर्ने ।<br>– सम्झौता पत्र तयार तथा जानकारी दिन आबश्यक निकायको लागि पत्राचार<br>– नियामुनुसार तयार भएका कागजातको फाईल खडा गरी राख्ने । | नदिजन्य पदार्थ उत्खनन तथा बिक्रि बितरणको लागि तयार भएको फाईल निरन्तर अनुगमन तथा मुल्यांकनको लागि नगर स्तरीय अनुगमन तथा सुपरिबेक्षण समितिमा तथा निर्देशक समितिको सचिबालयमा पेश गर्ने । |
| २. | निर्देशक समिति<br>संयोजक: प्रकाश सापकोटा (वन वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक)<br>सदस्य :शुभाष चापागाई<br>सदस्य:धामनाथ सापकोटा<br>सदस्य :चक्रपाणी कँडेल<br>सदस्यः प्रेम राज तिमिल्सेना<br>सदस्य: गोपी कँडेल<br>सदस्यःतिल बहादुर चितौरे<br>सदस्यःउर्मिला बि.क.<br>सदस्य सचिब:- विष्णुराज गौतम | –उत्खनन संग सम्बन्धित निर्णयको सिफारिस कार्यपालिकामा गर्ने ।<br>–शर्त राखी निर्णय गरिएको निर्णयको हकमा शर्त पुरा भए/ नभएकोको समेत निर्णय समेत खुलाउनु पर्नेछ ।<br>–ठेक्का संचालनको सम्पूर्ण अनुगमन,रेखदेख तथा नियन्त्रण गर्ने ।<br>–आबश्यकता अनुसार बाताबरण बिज्ञको राय लिन सक्नेछ ।<br>–कार्यस्थलमा पर्ने समस्यालाई समाधान गर्ने तथा कार्यपालिका, नगर प्रमुख, उप-प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत संग नियमित समन्वय गर्ने ।<br>–कागजातहरु अध्ययन गरी पूर्ण कागजात मात्र कार्यान्वयनका लागि न.पा. मा सिफारिस गर्ने ।<br>–नदिजन्य पदार्थ उत्खनन् तथा विक्री संग सम्बन्धित नियामक निकायहरु समेतको राय सुझाव लिन सक्ने । | – आबश्यक ठानेका बिषयहरु कार्यपालिकामा अनुमोदनको लागि पेश गर्न सक्नेछ।<br>– समितिको नाम नदिजन्य पदार्थ तथा निजि जग्गाहरुबाट समेत साधारण निर्माणमुखी पदार्थ (माटो,ढुंगा) लगायतका सामग्री उत्खनन,संकंलन तथा बिक्रि निर्देशक समिति |
| ३. | नगर स्तरीय अनुगमन तथा सुपरिबेक्षण समिति | अनुगमन तथा मुल्यांकन गर्ने, निर्देशक समितिको लागी आबश्यक निर्देशन दिने | सम्झौता अनुसार काम भएको नभएको स्पस्ट प्रतिबेदन कार्यपालिकामा पेश गर्ने |
| ४. | नगर प्रहरी | – उत्खनन, संकलन वा ढुवानी गरेको परिमाणको दैनिक परिमाणको दैनिक अभिलेख तथा सबारी साधनको अभिलेख ।<br>– नदिजन्य पदार्थ उत्खननको क्षेत्र तथा साँध घेराबारको सुरक्षा । | निर्देशक समीतिको सचिबालयमा प्रतिबेदन तयार गरी पेश गर्ने |

रबिन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

| ५. | राजश्व शाखा/लेखा शाखा | – निर्देशक समिती बाट निर्देशन भए बमोजीमको राजश्व असुली तथा उचित लेखांकन गर्ने<br>– नगदी रसिद ब्यबस्थापन गर्ने | आबश्यक कागजात तथा राजश्व असुली तालिका निर्देशक समितिको सचिबालयबाट प्राप्त गर्ने । |
|---|---|---|---|

**निर्णय नं.२** नारायणी नदीको निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरणको प्रक्रिया अगाडी बढाउनका लागि निर्देशक समितिलाई निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं.३** गैंडाकोट नगरपालिकामा उत्सर्जन हुने फोहोरमैलाको उचित व्यवस्थापनका लागि उपयुक्त वडा नं.७ को सार्वजनिक जग्गामा फोहोरमैला प्रशोधन / सरसफाई केन्द्र निर्माण गर्ने गरी मिति २०८०/१०/२६ आ.ब. २०८०/०८१ को १० औं कार्यपालिकाको निर्णय अनुसार गठन भएको सहजीकरण समितिमा गैंडाकोट वडा नं.७ निवासी श्री नारायण पौडेललाई सदस्य थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक छपाईको लागि नगरपालिकाको आन्तरिक स्रोतबाट रु.१० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लागि जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागि बाँकी रहेको वडा नं. ३,५,६ र १८ मा भूमिको कन्ट्रोल पोईन्ट राख्ने कार्य अगाडी बढाउने निर्णय गरियो । साथै वडा नं. २,३ र ८ को वडा कार्यालयको DPR निर्माण गरी बजेट माग तथा निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६** शैक्षिक सत्र २०८१ लागि कक्षा/विषय थपका विषयमा विद्यालयहरुको निवेदन तथा अनुगमनबाट प्राप्त निश्कर्ष समेत नगर शिक्षा समितिले कार्यपालिकालाई गरेको सिफारीसका आधारमा देहायका विद्यालयहरुलाई निम्न अनुसार कक्षा/विषय थपको लागि अनुमति दिने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | माग गरेको कक्षा सञ्चालनको अनुमति | विषय थप सञ्चालनको अनुमति |
|---|---|---|---|
| १ | निम्बार्क संस्कृत गुरुकुलम् गैंडाकोट–१ | कक्षा ८ | – |
| २ | मौलाकाली संस्कृत विद्यापीठ, गैंडाकोट - १ | कक्षा ९ | – |
| ३ | गैंडाकोट नमूना इ बो स्कूल, गैंडाकोट - २ | कक्षा ११ / १२ सञ्चालित | होटल म्यानेजमेन्ट |
| ४ | योगी नरहरिनाथ अध्यात्म गीता विज्ञान पाठशाला, गैंडाकोट - १० | कक्षा ८ | – |
| ५ | स्मल हर्ट एकेडमी, गैंडाकोट - ४ | कक्षा ९ | – |
| ६ | जनक माध्यमिक विद्यालय गैंडाकोट –५ | कक्षा ११ / १२ सञ्चालित | होटल म्यानेजमेन्ट |
| ७ | रत्नराज्य लक्ष्मी मावि, गैंडाकोट –१० | कक्षा ११ / १२ सञ्चालित | होटल म्यानेजमेन्ट |
| ८ | किड्स होम एकेडेमी गैंडाकोट –१० | कक्षा १० | – |

प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी वर्ष २०८०/०८१ को लागि प्रदेशका समपुरक र बिशेष अनुदान अन्तर्गत देहायका योजनाहरु माग गरी पठाउने निर्णय गरीयो ।

| | |
|---|---|
| **समपुरक अनुदान तर्फ** | |
| १ | जयश्री खोला तटबन्धन वडा नं. ३,४,७,८ र ९ |
| २ | नारायणी मा.वि. देखि वडा नं ७ को खलेचौर सम्म अधुरो बाटो निर्माण |
| ३ | वडा नं. १७ को वडा कार्यालय भवन निर्माण |
| **विशेष अनुदान तर्फ** | |
| १ | बेल्डिया खोला तटबन्धन वडा नं. ११,१२,१३,१४ र १६ |
| २ | झरही खोला तटबन्धन वडा नं. १५ र १७ |
| ३ | ढोडेनी सिंचाई आयोजना वडा नं. ३ |

**निर्णय नं. ८** मिति २०८०/११/२२ को आर्थिक वर्ष २०८०/०८१ को ११ औं कार्यपालिकाको निर्णय अनुसार गठन भएको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको सदस्यमा मिना शर्मा गौडेल, गैंडाकोट - ०१ हुनुपर्नेमा अन्यथा भएकाले संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्बर्धन कार्यविधि, २०८० र गैंडाकोट नगरपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८० लाई बैठकमा पेश गर्दै आगामी कार्यपालिका बैठकमा थप अध्ययन गरी राय एवं सल्लाह, सुझाव सहित पेश गर्ने निर्णय गरियो ।

**निर्णय न. १०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| प्रज्ञा प्रतिष्ठान | गैंडाकोट सिर्जना उत्सव | रु.७,००,०००/- | गैंडाकोट प्रज्ञा पुस्तकालयको स्थापना एवं सञ्चालन | रु.७,००,०००/- |
| प्रज्ञा प्रतिष्ठान | संघ,प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र प्राज्ञहरु सम्मिलित गोष्ठी | रु.१,००,०००/- | प्रदेश र अन्य प्रज्ञा प्रतिष्ठानहरुसंग सिकाई आदान प्रदानको लागि अवलोकन भ्रमण | रु.१,००,०००/- |
| वडा नं. १५ | झराही खोला टोलमा सत्तल निर्माण | रु.२,००,०००/- | साविक ४ नं. वडा मुक्तिनाथ टोलमा रहेको बोरिङ कुलो निर्माण तथा पाईप बिस्तार | रु.२,००,०००/- (साविक योजनाको बजेट थप हुने) |

प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| वडा नं. १७ | बाटो ग्रावेल | रु.४,५०,०००/- (मध्येबाट) | गिरीटोल देखि जनजागृति जाने बाटो विस्तार | रु.५०,०००/- |
| | सफा स्वच्छ हरियाली टोल | रु.१,००,०००/- | | रु.१,००,०००/- कुल जम्मा रु.१,५०,०००/- |
| वडा नं. १७ | बाटो ग्रावेल | रु.४,५०,०००/- (मध्येबाट) | अमर ज्योति टोल विकास संस्था अन्तर्गत अमर भूमिगत जलश्रोत सिंचाईको उपभोक्ता समितिको पाइप लाईन विस्तार | रु. २००,०००/- |
| वडा नं. १७ | बाटो ग्रावेल | रु.४,५०,०००/- (मध्येबाट) | अमर त्रिपुरेश्वर टोल विकास अन्तर्गत भूमिगत जलश्रोत सिंचाईको पाइप लाईन विस्तार | रु. २००,०००/- |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख